*"समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा"*

# नेपाल सरकारको स्वदेशमा रहेका र वैदेशिक रोजगारबाट फर्किएका युवा तथा किशोरकिशोरीका लागि लक्षित कार्यक्रम सम्बन्धी जानकारी

नेपाल अहिले विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमणबाट बँच्न र बँचाउन लागिपरेको छ। जनताको स्वास्थ्य सम्वेदनशीलतालाई मध्यनजर राख्दै नेपाल सरकारले यसका लागि आफ्ना संपूर्ण साधन र स्रोतको व्यापक परिचालनका साथ अघि बढिरहेको छ। यस्तो जटिल एवं विषम परिस्थितिजन्य राष्ट्रिय अभियानमा सरकारलाई सहयोग गर्नु राज्यका हरेक निकाय तथा नागरिक समाजको दायित्व हो। कोरोनाको संभावित जोखिमबाट बच्न र बचाउँन राज्यले स्वदेशमा रहेका र विशेष गरी वैदेशिक रोजगारीमा गएका युवाहरूलाई उनीहरूको अवस्था र आवश्यकता अनुसार स्वदेश फर्काउने योजनाका साथ काम गरिरहेको छ। यसै क्रममा विमानस्थल तथा सीमा नाकाबाट स्वदेश फर्केका नागरिकहरूका लागि शुरुमा होल्डिङ् सेन्टरमा राख्ने र त्यहाँबाट स्क्रिनिङ् गरी विभिन्न व्यक्तिको स्वास्थ्य स्थितिको आधारमा क्वारेन्टाइन वा आइसोलेशनमा राख्ने, उनीहरूको स्वास्थ्य परीक्षण गराउने र उनीहरूलाई सकुशल आफ्नो घरसम्म पुऱ्याउने नीति बमोजिम काम गरिरहेको अवस्था छ। यसका लागि सरकारले पि.सि.आर. प्रविधिबाट गरिने स्वास्थ्य परीक्षणको दायरा फराकिलो बनाउँदै लगेको छ।

युवा वर्ग देशको सबैभन्दा सक्रिय, उर्जाशील र गतिशील जनशक्ति हो। अतः राज्यले ठूलो अपेक्षाका साथ हेरेको युवा वर्गको स्वास्थ्य, उनीहरूको रोजगार तथा जीवनयापनका विभिन्न आयामहरूमा पारेको प्रभावको आँकलन गरी युवा लक्षित नेपाल सरकारले विभिन्न कार्यक्रमहरू आ.व. २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत उद्यमशिलता र स्वरोजगारका लागि र यसमा पनि कोरोना माहामारीबाट रोजगार गुमाएका, वैदेशिक रोजगारीबाट फर्केका र नेपालमा नै बसेर उद्यम व्यवसाय गर्न चाहने युवाका लागि लक्षित गरी सार्वजनिक गरेको छ। राज्यले युवा किशोरकिशोरीका लागि लगानी गरिराख्दा त्यसबाट प्रत्यक्ष रूपमा बालबालिका, किशोरकिशोरीको संरक्षण, प्रबर्द्धन र विकासमा समेत योगदान पुग्दछ। यस्ता कार्यक्रमसँग जोडिई यसको सफल कार्यान्वयन गर्नु गराउनु पनि हामी सबैको दायित्व हो। यी कार्यक्रम सञ्चालनको निर्धारित ढाँचा तथा कार्यान्वयनको मापदण्ड र तोकिएका कार्यविधिहरूको अध्ययन गरी सम्बन्धित निकायमा सम्पर्क गरी यस कार्यक्रमसँग जोडिन र नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउन हामी समस्त युवा वर्गमा हार्दिक अपील गर्दछौं।

युवा आँफैमा अन्तरविषयक मुद्दा (Cross cutting issue) हो। यसर्थ युवाका कार्यक्रम कुनै एउटा निकायबाट मात्र सञ्चालन हुन सक्दैन। यद्यपी राष्ट्रिय युवा परिषद् समस्त नेपाली युवाको अभिभावकीय केन्द्रीय निकाय भएको हुनाले विभिन्न निकायहरूबाट सञ्चालन भएका युवालक्षित कार्यक्रमहरूको वारेमा आवश्यक समन्वय, सहकार्य, सहजीकरण र यसका लागि युवालाई मार्गदर्शन समेत गरिरहेको छ।

## संघीय सरकारबाट युवालक्षित कार्यक्रमहरूका लागि विनियोजित बजेट विवरण

१) प्रधानमन्त्री रोजगार कार्यक्रम (रू. ११ अर्ब ६० करोड) (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय तहहरूबाट कार्यान्वयन हुने)

२) विदेशबाट फर्किएका युवाका लागि सीप विकास तालिम रू. १ अर्ब (श्रम, रोजगार तथा सामाजिक सुरूक्षा मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहबाट कार्यान्वयन हुने)।

३) निजी स्तरका प्रतिष्ठानहरूका लागि श्रमिक अनुदान रू. १ अर्ब (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र निजी रोजगार प्रदायक संस्था तथा प्रतिष्ठानहरूबाट कार्यन्वयन हुने)।

४) सहुलियतपूर्ण कर्जा सुरक्षण तथा विमा अनुदानमा रू. १३ अर्ब ९६ करोड (नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकहरूबाट कार्यान्वयन हुने)।

५) CTEVT मार्फत् सीप विकास तालिमका लागि रू. ४ अर्ब ३४ करोड (CTEVT प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन हुने)।

६) गरिवी निवारण कोष मार्फत् रोजगारीमा परिचालन रू. १९ अर्ब (भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत् कार्यान्वयन हुने)।

७) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा रू. ३ अर्ब २२ करोड (कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहहरूबाट कार्यान्वयन हुने)।

८) एक स्थानीय तह एक कृषि र पशु प्राविधिकका लागि रू. ५० करोड (कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहहरूबाट कार्यान्वयन हुने)।

९) एक प्रदेश (एक पर्यटकीय गन्तव्यका लागि रू. १ अर्ब २६ करोड (संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय तथा प्रदेश सरकार मार्फत् सञ्चालन हुने) ।

१०) शहिद अपाङ्ग तथा जेहेन्दार छात्रवृत्ति रू. २ अर्ब ७० करोड (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरू मार्फत् तोकिएको मापदण्ड बमोजिम कार्यान्वयन हुने) ।

११) निःशुल्क सेनेटरी प्याडका लागि अनुदान रू. १ अर्ब ८२ करोड (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरू मार्फत् सामुदायिक विद्यालयका तोकिएको उमेर समूहका सबै छात्राहरूले प्राप्त गर्न सक्ने)

१२) ६ हजार स्वयम्सेवक शिक्षक नियुक्ति (गणित, विज्ञान र अंग्रेजी) रू. २ अर्ब २३ करोड (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत कार्यान्वयन हुने)

१३) युवा तथा खेलकुद क्षेत्रमा विनियोजित रकम रू. २ अर्ब ३६ करोड (युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद्, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, नेपाल स्काउट र प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत कार्यान्वयन हुने)

**यस आ.व.का लागि कूल रू. ६४ अर्ब ४९ करोड बराबरको कार्यक्रम युवा र किशोरकिशोरीसँग सम्बन्धित रहेको छ । युवा लक्षित विभिन्न कार्यक्रमहरूका लागि प्रदेश सरकारहरूबाट**

| | |
|---|---|
| १. प्रदेश नं १ | – ७० करोड ८१ लाख |
| २. प्रदेश नं २ | – १ अर्ब ११ करोड ७५ लाख |
| ३. वागमती प्रदेश | – ४ अर्ब ३८ करोड ६२ लाख |
| ४. गण्डकी प्रदेश | – ५७ करोड २२ लाख |
| ५. प्रदेश नं ५ | – २ अर्ब ७५ करोड ८८ लाख |
| ६. कर्णाली प्रदेश | – २ अर्ब १७ करोड |
| ७. सुदुरपश्चिम प्रदेश | – ४८ करोड २६ लाख गरी |

सात प्रदेशको कूल जम्मा रू. १२ अर्ब १९ करोड ५४ लाख विनियोजन गरेको छ । यसका साथै नेपाल सरकारले युवाको शैक्षिक योग्यता तथा तालिम अभिबृद्धि, सीप विकास, उद्यमशिलता र स्वरोजगारका लागि विभिन्न क्षेत्रमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराई रोजगारी अभिबृद्धिका लागि सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ जारी गरेको छ । यसले विशेषतः उद्यम गरी स्वरोजगार बन्न चाहने युवाका लागि मार्गप्रशस्त गरेको छ । यस सहुलियतपूर्ण कर्जाका क्षेत्रहरू: (व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा ५ करोडसम्म, शिक्षित युवा स्वरोजगार कर्जा ७ लाख रुपैयासम्म, विदेशबाट फर्केका युवा परियोजना कर्जा १० लाख रुपैंयासम्म, महिला उद्यमशील कर्जा १५ लाख रुपैयाँसम्म, दलित समुदाय व्यवसाय विकास कर्जा १० लाख रुपैयासम्म, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा ५ लाख रुपैंयासम्म, CTEVT बाट मान्यताप्राप्त तालिमका लागि कर्जा रू. २ लाखसम्म, कपडा उद्योग स्थापनाका लागि कर्जा रू. ५ करोडसम्म, भुकम्प पीडितको निजी आवास निर्माण कर्जा ३ लाख रूपैंयासम्म उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ ।

## यसको विशेषता

सहुलियतपूर्ण कर्जामा कुनैपनि ऋणीले पाँच प्रतिशत भन्दा बढी व्याज तिर्नु नपर्ने, हरेक उद्यम तथा व्यवसायको विमाको व्यवस्था र बिमा गर्दा लाग्ने शुल्क मध्ये पचास प्रतिशत प्रिमियम पनि राज्यले नै व्यहोर्ने व्यवस्था रहेको छ । सम्बन्धित कार्यालयले निवेदन दिएको २१ दिन भित्र निर्णय गरिसक्नुपर्ने प्रावधान, यसको कुनै समयावधि वा कोटा तोकिएको छैन, यो निरन्तर चलिरहने कार्यक्रम अन्तर्गत विशेषता रहेको यो कार्यक्रम नेपाल राष्ट्रबैंकले तोकेको क, ख, ग र घ वर्गका सबै बैंक तथा वित्तीय संस्थाहरूबाट पनि यो सहुलियतपूर्ण कर्जा लिन सकिनेछ । नेपाल राष्ट्र बैंकबाट प्राप्त जानकारी अनुसार २०७७ बैशाख मसान्तसम्ममा यो कर्जा लिने युवाको संख्या २८६८७ जना रहेको छ । त्यसैगरी ७५३ वटै स्थानीय सरकारहरूबाट समेत नेपाल सरकारको संघीय वार्षिक नीति तथा कार्यक्रमको भावना, प्राथमिकता र स्थानीय आवश्यकताका आधारमा युवालक्षित नीति, कार्यक्रम र बजेट व्यवस्था भएको छ । अतः यी तीनै तहका सरकारहरूबाट तय गरिएका वार्षिक नीति कार्यक्रम र योजनामा युवाको पहुँच स्थापित गरी बढी भन्दा बढी युवाको सहभागितामा उद्यमशिलता विकास र स्वरोजगार अभिवृद्धिका लागि वित्तीय संस्थासँगको पहुँच वा प्राप्तिमा कुनै समस्या आएमा हामी उक्त समस्याको समाधानका लागि राष्ट्रिय युवा परिषद्ले आवश्यक समन्वयकारी र

सहजीकरणको भूमिका खेलिरहेको छ। युवाका लागि व्यवसायिक सीप विकास वा छोटो अवधिको उद्यमशिलता विकासको तालिम आवश्यक परेमा परिषद्मा सम्पर्क राख्न सक्नुहुनेछ। परिषद्ले नेपाल सरकारका विभिन्न निकाय, बैंक तथा बित्तीय संस्था, उद्योग व्यवसायी, विकासका साझेदार संस्था, नागरिक संघ-संगठन, युवा उद्यमी, विदेश गएर फर्किएका युवाहरूसँग समन्वय र सहकार्य गरी रोजगार मूलक कार्यमा संलग्न गराउन सहजीकरण गर्दै सामाजिक विकृति, विसंगती, बाल विवाह, हिंसा, यौन दुर्व्यवहार, बलात्कार, विभेद, लागुपदार्थ दुर्व्यसनी मुक्त समाजको निर्माण कार्यसमेत गर्दै आएको छ। तसर्थ नेपाल सरकारका वेयव साईट, फेसबुक पेज मार्फत तीनै तहका सरकारका विभिन्न सूचनाहरू अध्ययन गरी त्यस्ता कार्यक्रमहरूमा संलग्न हुन र कोरोनाको यस महामारी बाट आफू सुरक्षित हुँदै बालबालिका, किशोरकिशोरी, सुत्केरी, गर्भवती, अपाङ्गता भएका, एकल महिला, ज्येष्ठ नागरिकहरूको संरक्षणमा समेत सहयोग पुऱ्याउन समस्त युवाहरूमा हार्दिक अनुरोध गर्दछौं।

## सम्बद्ध मन्त्रालय तथा निकायहरूको विवरण र सम्पर्क स्रोतहरू

| क्र.सं. | निकायको नाम | ठेगाना | कार्यालयको संपर्क नं | प्रवक्ता/सूचना अधिकारीको सम्पर्क नं. | वेसाइट | इमेल |
|---|---|---|---|---|---|---|
| १ | अर्थ मन्त्रालय | सिंहदरबार काठमाडौं | ०१-४२११३०० ४२११७४८ | ०१-४२००५३७ | www.mof.gov.np | moev@mof.gov.np |
| २ | श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय | सिंहदरबार काठमाडौं | ०१-४२११६७८, ४२११७९१, ४२११७३३ | प्रवक्ता ०१-४२११६७८ मो.नं. ९८४०६१०६३०/ सूचना अधिकारी ०१-४२००४७६ | www.moless.gov.np | info@moless.gov.np |
| ३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सिंहदरबार काठमाडौं | ०१-४२००३५६ | प्रवक्ता दिपक शर्मा मो. ९८४१३०२४०६ सह-प्रवक्ता दिव्या दवाडी ९८६२७०२४२९ | www.moe.gov.np | info@moest.gov.np |
| ४ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | सिंहदरबार काठमाडौं | ०१-४२११९०५ ४२११९५० ०१-४२११९३५ | प्रवक्ता ०१-४२११९१५ सूचना अधिकारी ०१-४२११९०५, ४२११९०५ | www.moald.gov.np | info@moald.gov.np |
| ५ | संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय | सिंहदरबार काठमाडौं | ०१-४२११६६९, ४२११८४६ | प्रवक्ता ०१-४२११६२०, ९८५११८२५०० सूचना अधिकारी ४२११६२४, ९८५११७३७०५ | www.tourism.gov.np | info@tourism.gov.np |
| ६ | युवा तथा खेलकुद मन्त्रालय | सिंहदरबार काठमाडौं | ०१-४२००५३९, ४२००५४०, ४२००५४२/४३ | प्रवक्ता ९८४०००५४०८ सूचना अधिकारी ०१-४२००५४५ | www.moys.gov.np | info@moys.gov.np |
| ७ | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | सिंहदरबार काठमाडौं | ०१-४२०००८२, ४२००४०८ | प्रवक्ता ०१-४२००२८१, ९८५११५०३७४, सूचना अधिकारी ४२००१६४, ९८५१२५५३५४, ९८४१४३९२४४ | www.mowcsc.gov.np | info@mowcsc.gov.np media@mowcsc.gov.np |
| ८ | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | सिंहदरबार काठमाडौं | ०१-४२११४५५ | प्रवक्ता प्रकाश दाहाल ९८५११८४५२६, सूचना अधिकारी दुर्गा प्रसाद भुसाल, ९८५१२३४४०० | www.moics.gov.np | info@moics.gov.np |
| ९ | नेपाल राष्ट्र बैंक | वालुवाटार काठमाडौं | ०१-४४१०१५८, ४४१०२०१, ४४११२५० | ०१-४४४१०४५, ४४१९८०५ ९८५११६४२०० | www.nrb.org.np | ofg@nrb.org.np nrbhelpdesk@nrb.org.np |
| १० | युवा तथा साना व्यवसायी स्वरोजगार कोष | अनामनगर काठमाडौं | ०१-४१०२७८२ | सम्झना वाग्ले ९८४१४६८३८२ | www.ysef.gov.np | info@ysef.gov.np |
| ११ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | सानोठिमी भक्तपुर | ०१-६६३१४५८, ६६३१४५९, ६६३०७६९ | | www.ctevt.org.np | info@ctevt.org.np |
| १२ | इभेन्ट परियोजना | बुद्धनगर काठमाडौं | ०१-४७८६२११, ४७८६३११, ४७८६४११ | | www.event.gov.np | info@event.gov.np |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | घरेलु तथा साना उद्योग विभाग | त्रिपुरेश्वर काठमाडौं | ४२५९८४२<br>४२५९८४६<br>४२५९८५५<br>४२५९८७५ | | www.dcsi.gov.np | info@dcsi.gov.np |
| १४ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | भैंसेवाटी ललितपुर | ०१-५५९०८००<br>५५९०८०१<br>५५९०२५४ | ०१-५५९३०६३ | www.training.gov.np,<br>www.vsdtc.gov.np | vsdtabhainsepati@gmail.com,<br>vsdtcbhainsepati@yahoo.com |
| १५ | प्रदेश सामाजिक विकास मन्त्रालय प्रदेश नं १ | विराटनगर | ०२१-५३६१८४ | ९८५२०२८५३०<br>९८४२२७४६४७ | www.mosd.p1.gov.np | Mosdprov1@gmail.com |
| १६ | प्रदेश सामाजिक विकास मन्त्रालय प्रदेश नं २ | जनकपुर धाम | ०४१-५२५११७<br>५२७०७३ | | www.mosd.p2.gov.np | Mosd.p2.gov@gmail.com.com |
| १७ | प्रदेश सामाजिक विकास मन्त्रालय वागमती प्रदेश | हेटौंडा | ०५७-५२४८३६ | प्रवक्ता दिपेन्द्र सुवेदी ०५७-५२५७२८ | www.mosd.p3.gov.np | p3mosd@gmail.com |
| १८ | प्रदेश सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश | पोखरा | ०६१-४६७६७२,<br>४६७९१४ | प्रवक्ता ९८५६०३५३३३<br>सूचना अधिकारी ९८५६०३५३३३ | www.mosd.gandaki.gov.np | ministrysocialdevpkr@gmail.com |
| १९ | प्रदेश सामाजिक विकास मन्त्रालय प्रदेश नं ५ | बुटवल | ०७१-५५०६४६ | प्रवक्ता ९८५७०२४०९६<br>सूचाना अधिकारी ९८४९०२१२५३ | www.mosd.p5.gov.np | mosdfive@gmail.com |
| २० | प्रदेश सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश | सुर्खेत | ०८३-५२१७०५ | प्रवक्ता ९८५८०७०७२२<br>सूचना अधिकारी ९८५८०७०७२३<br>९८६७५९९८८६ | www.mosd@karnali.gov.np | mosdsurkhet@gmail.com |
| २१ | प्रदेश सामाजिक विकास मन्त्रालय सुदुरपश्चिम प्रदेश | धनगढी | ०९१-५२५००९<br>५२४५६३ | प्रवक्ता ९८५८४२२१३९ | www.mosd.p7.gov.np | mosdkailali07@gmail.com |

*यि बाहेक प्रत्येक स्थानिय तहबाट त्यहाँको कार्यक्रम बारे थप जानकारी लिन सकिन्छ ।*


**आवश्यक समन्वय र सम्पर्कका लागि हाम्रो ठेगाना**

राष्ट्रिय युवा परिषद् सानोठिमी भक्तपुर

फोन न.  ०१-६६३५८३५, ६६३८१५२, ६६३५१३३

इमेलः info@nyc.gov.np वेवसाइटः www.nyc.gov.np

अफिसियल फेसबुक पेजः National Youth Council Nepal

नोटिसबोर्ड सेवा १६१८-०१६६३५८३५

सूचना अधिकारीः ९८५५०५२४२१



नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर

राष्ट्रिय युवा परिषद्-नेपाल २०७२

JCYCN 2001
Jagriti Child and Youth Concern Nepal
जागृति बाल तथा युवा सरोकार नेपाल
www.jagritinepal.org,
facebook.com/JCYCNepal

प्रकाशन सहयोगः
KANALLAN
GIVING RIGHT NOW